# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**खप्तड छेडेदह गाउँपालिका**

**बाजुरा जिल्ला**

**७ नं. प्रदेश**

# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

ऐन संख्या : ४

राजपत्रमा प्रकाशित मिति : २०७४/१२/१३

प्रमाणीकरण र प्रकाशन मिति : २०७४/१२/....

**प्रस्तावना :**

प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त गाउँपालिकाका सवाल र अरु स्थानीय कानूनको सट्टा नयाँनियम तथा कार्यविधिहरु तयार गर्न आवश्यक भएकोले गाउँपालिका अध्यक्षबाट गाउँसभाबाट पारित भएअनुसार यो ऐन बनाई जारी गरिएको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यो ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४" रहेको छ।

(२) यो ऐन खप्तड छेडेदह गाउँपालिका भरमा तुरुन्त लागु हुनेछ।

२. नियम, कार्यविधि बनाउने कार्यपालिकाको अधिकार :

(१) आर्थिक तथा सार्वजनिक खरिद सम्वन्धी खप्तड छेडेदह गाउँपालिकाको सबै काम सुचारु रुपले सम्पादन गर्नका लागि संघीय सरकारद्वारा जारी सार्वजनिक खरिद ऐन तथा नियमावली एवं संघीय सरकारले अपनाएका अन्य प्रशासकीय विषयका कार्यविधिको पालना र अन्य आवश्यक प्रशासकीय विषयका नियम तथा कार्यविधिहरु खप्तड छेडेदह गाउँकार्यपालिकाले बनाउन सक्नेछ।

(२) उपदफा (१) अन्तर्गत बनाइएका नियम तथा कार्यविधिले प्रशासकीय कार्यविधि सम्बन्धि प्रचलित स्थानीय कानुनलाई खारेज गर्न अथवा संशोधन गर्न सक्ने छन्।